# आर्थिक वर्ष २०७९/८०

# को बजेट बक्तव्य

## भीरकोट नगरपालिका

## बयरघारी, स्याङ्जा

# भीरकोट नगरपालिकाकी उपप्रमुख श्री भगवती रेग्मी अर्यालद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को बजेट बक्तव्य

भीरकोट नगरपालिका

बयरघारी, स्याङ्जा

१० असार, २०७९

# आर्थिक वर्ष २०७९/८० को बजेट बक्तव्य

**आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा संचारकर्मी मित्रहरू,**

१. भीरकोट नगरपालिकाको नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०७९।८० को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेकी छु ।

२. कोभिड-१९ महामारीको प्रभावबाट शिथिल भीरकोटको अर्थतन्त्र सुधारोन्मुख रहेको र आर्थिक क्रियाकलापहरू क्रमशः चलायमान हुँदै गएको परिस्थितिमा भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दैछु । यस अवसरमा म मुलुकको अग्रगामी परिवर्तन, प्रजातन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि इतिहासका विभिन्न काल खण्डमा भएका आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. यस गरिमामय दशौं नगरसभामा बजेट प्रस्तुत गरिरहँदा भीरकोट नगरपालिकाको अर्थतन्त्रलाई थप गतिशील बनाउने तथा हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा आम जनता समक्ष गरेका प्रतिवद्धता र जनआकांक्षाहरूलाई शीघ्र सम्बोधन गर्नुपर्ने गहन जिम्मेवारी बोध भएको छ । निर्वाचित जनप्रतिनिधिहरूले विगत ५ वर्षमा गरेको अथक प्रयासबाट हाँसिल भएका उपलब्धिहरूलाई संस्थागत गर्न र नगरपालिकाको विकास र समृद्धिको यात्रालाई निरन्तरता दिने मार्गमा प्रस्तुत बजेटले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएकी छु । यस सम्बन्धमा निवर्तमान तथा नवनिर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघ संस्था र सञ्चारकर्मी तथा आम नागरिकको प्रत्यक्ष एवम् परोक्ष सहयोग र ऐक्यबद्धता प्राप्त हुने कुरामा हामी विश्वस्त छौं ।

४. आगामी आर्थिक वर्ष २०७९/८० को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित अन्य कानूनहरू, पन्ध्रौं योजना, दीगो विकास लक्ष्य तथा दशौं नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रूपमा लिएको छु । यसका अतिरिक्त राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघ संस्था तथा विद्धत वर्ग एवम् पेशाविद्हरूबाट प्राप्त राय सुझाबहरूलाई समेत समावेश गरी बजेट तर्जुमा गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०७८/७९ को हाल सम्मको प्रगति प्रतिवेदन संक्षिप्त रूपमा सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०७८/७९ मा **चालु खर्च तर्फ** रू.१५ करोड ३४ लाख ६७ हजार बजेट विनियोजन भएकोमा हालसम्म रू.११ करोड २१ लाख ३६ हजार अर्थात करिब ७३ प्रतिशत खर्च भएको छ ।

**त्यसैगरी पूँजीगत खर्च तर्फ** रू.१४ करोड १४ लाख ८० हजार बजेट विनियोजन भएकोमा रू.७ करोड ९ लाख ६२ हजार अर्थात करिब ५१ प्रतिशत खर्च भएको छ ।

**सशर्त अनुदान र सामाजिक सुरक्षातर्फ** रू.४० करोड ४५ लाख ८१ हजार प्राप्त भएकोमा रू. २६ करोड ३५ लाख ६९ हजार अर्थात करिब ६५ प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्षमा कुल **रू. ६९ करोड ९५ लाख २८ हजार बजेट विनियोजन** भएकोमा हालसम्म **रू. ४४ करोड ६६ लाख ६७ हजार** अर्थात करिब ६४ प्रतिशत खर्च भएको छ । खर्च व्यहोर्ने स्रोत अन्तर्गत आन्तरिक राजस्वतर्फ रू. ३ करोड ५० लाख संकलन गर्ने लक्ष्य रहेकोमा हालसम्म रू. ३ करोड ४ लाख ७३ हजार अर्थात लक्ष्यको तुलनामा करिब ८७ प्रतिशत राजस्व संकलन भएको छ । त्यसैगरी संघीय तथा गण्डकी प्रदेश सरकारबाट राजश्व बाडँफाँट बापत रू. ८ करोड २६ लाख ९२ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. ६ करोड ४२ लाख ७० हजार मात्र अर्थात करिब ७८ प्रतिशत रकम प्राप्त भएको छ । चालु आर्थिक वर्षको जेठ र असार महिनामा संघीय तथा गण्डकी प्रदेश सरकारबाट राजस्व बाँडफाँट बापतको रकम प्राप्त हुँदा लक्ष्यको नजिक पुग्ने अपेक्षा गरिएको छ । लक्ष्य अनुरूप आन्तरिक राजस्व संकलनमा कमी हुँदा र राजस्व बाँडफाँट बापत प्राप्त हुने अनुमान गरिएको रकम प्राप्त नहुँदा चालु आर्थिक वर्षका योजना तथा कार्यक्रमहरू तोकिएको समयमा सम्पन्न गर्न कठिनाई हुन गएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

अब म भीरकोट नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटका उद्देश्यहरू निम्नानुसार रहेका छनः

- क) भीरकोटबासी नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने,
- ख) भीरकोट नगरपालिकाको अर्थतन्त्रको शीघ्र पुनरूत्थान गर्न आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यलाई तीब्रता दिने,
- ग) उपलब्ध स्रोत, साधन तथा अवसर र क्षमताको उच्चतम परिचालन गरी नगरपालिकाको समग्र विकासको गतिलाई निरन्तरता दिने ।
- घ) आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको विकास गरि समृद्ध भीरकोट सुखी भीरकोटबासीको अभियानलाई पूर्णता दिने।
- ङ) भीरकोटबासी नागरिकहरूका आधारभूत आवश्यकताहरूको परीपूर्ति गर्ने ।

प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न देहायका प्राथमिकता निर्धारण गरिएको छः

क) सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न उपचारको व्यवस्था, स्वास्थ्य सेवाको दायरा बिस्तार र स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण तथा स्तरोन्नति, स्वास्थ्य उपकरण तथा सामग्रीको आपूर्ति एवम् स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालन,

ख) व्यवसायिक कृषिलाई प्रोत्साहन गर्दै आधुनिक कृषि प्रविधि, उपकरण र उन्नत बिउ र मलको सहज उपलब्धता सुनिश्चित गरी कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि,

ग) स्वच्छ पिउनेपानी, प्राविधिक एवम् गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विकास लगायत सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको निर्माण,

घ) विभिन्न कारणले रोजगारी गुमाएका बेरोजगार यूवा यूवतीहरूको लागि रोजगारीको अवसर सृजना हुने योजना तथा कार्यक्रमहरूको सञ्चालन ।

**सभाध्यक्ष महोदय,**

अब म समग्र नगरपालिकाको बजेट तथा कार्यक्रमलाई क्षेत्रगत रूपमा विनियोजन गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## पूर्वाधार विकास

१. नगरपालिकाको केन्द्र बयरघारी बजारबाट पूर्व र पश्चिम जोड्ने २ वटा रणनीतिक महत्वका सडकको स्तरोन्नति तथा कालोपत्रे गर्ने कार्यका लागि वहुवर्षीय योजनाको अवधारणा अनुरूप कार्यान्वयन गर्ने गरी प्रति सडक रू. १ करोडका दरले जम्मा रू. २ करोड विनियोजन गरिएको छ ।

२. सुन्दरबजार-थालेखर्क-स्वरेक मैदान सडक खण्डको स्तरोन्नतिको लागि संघीय समपूरक अनुदान शीर्षकमा प्राप्त रू. ८० लाख र नगरपालिकाको रू. ८० लाख गरी कुल रू. १ करोड ६० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

३. बयरघारी-ओसेक-डाँडाँकोट-बानेथोक सडक खण्डको स्तरोन्नतिको लागि प्रदेश समपूरक अनुदान शीर्षकमा प्राप्त रू. ५० लाख र नगरपालिकाको रू. ३४ लाख गरी कुल रू. ८४ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

४. मोहनडाँडाँ-पखेरे-ओकादी-सिर्कोट सडक खण्डको स्तरोन्नतिको लागि प्रदेश समपूरक अनुदान शीर्षकमा प्राप्त रू. ५० लाख र नगरपालिकाको रू. ३४ लाख गरी कुल रू. ८४ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

५. आँधीखोलाको किनारमा रहेको बस्ती तथा खेतियोग्य जमीनको संरक्षण गर्न तटबन्धन गर्ने कार्यका लागि रू. १ करोड विनियोजन गरिएको छ ।

६. बस्ती तथा वडास्तरबाट प्राथमिकताक्रम तोकि आएका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि वडा नं. १, २, ४, ५, ६, ७ र ९ को लागि प्रति वडा रू. ३० लाख र वडा नं. ३ र ८ को लागि प्रति वडा रू. ४० लाखको दरले कुल रू. २ करोड ९० लाख विनियोजन गरिएको छ ।

७. भीरकोट नगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूको फर्निसिङ्गको लागि रू. १० लाख विनियोजन गरिएको छ ।

८. नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाउन सवारी साधनको आवश्यकता वोध भई सवारी साधन खरिदको लागि रू ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

९. आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाको स्रोत र साधनबाट कार्यान्वयन हुन नसक्ने आयोजना तथा कार्यक्रमहरूको आयोजना बैंक तयार गरी कार्यान्वयनको लागि प्रदेश तथा संघीय सरकारसंग अनुरोध गर्ने व्यवस्था मिलाइएको छ।

१०. वडा कार्यालय भवन नभएका वडाहरूमा भवन निर्माण कार्य सुरू गर्नको लागि जग्गा प्रासिको लागि रू. १० लाख विनियोजन गरिएको छ ।

११. नगरका अधुरा आयोजनाहरूलाई पुर्णता दिन तथा तत्काल गर्नुपर्ने विकास निर्माणका कार्यहरू सञ्चालन गर्न मेयर सम्बोधन कार्यक्रम शीर्षकमा रू. ५७ लाख ६७ हजार विनियोजन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

१२. संघीय सरकारको विशेष अनुदान शीर्षकबाट करिब रू. ३ करोडको लगानीमा नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्र र पार्क निर्माण कार्य सम्पन्न भएको छ । निर्मित पार्कको सौन्दर्यीकरण तथा सजावटको लागि रू. १५ लाख रकम विनियोजन गरिएको छ ।

१३. सम्बन्धित उपभोक्ताहरूको नगद लागत साझेदारी रहने गरी बजार क्षेत्रका सडकहरूको स्तरोन्नति गर्न र रणनीतिक महत्वका ग्रामिण सडकहरूको मर्मत सम्भारको लागि रू. ७७ लाख बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१४. भीरकोट नगरक्षेत्रभित्र बाढी पहिरोबाट क्षतिग्रस्त सडकहरूको मर्मत सम्भार गरी सवारी आवागमनलाई सहज बनाउने कार्यका लागि नगर क्षेत्रका सडक सरसफाई शीर्षकमा रू. ५० लाख विनियोजन गरिएको छ ।

१५. नगरक्षेत्रभित्रका प्रमुख ग्रामिण सडकहरूको आकस्मिक मर्मत सम्भार गर्न र अन्य विपद्जन्य घटनाबाट प्रभावित नागरिकहरूलाई तत्काल राहत उपलब्ध गराउन मर्मत सम्भार कोष र विपद् व्यवस्थापन कोषमा रू. १०/१० लाखको दरले जम्मा रू. २० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१६. संघ, प्रदेश तथा अन्य निकाय तथा यस नगरपालिकाको लागत साझेदारीमा सञ्चालन हुने योजना तथा कार्यक्रमको लागि समपूरक कोष शीर्षकमा रू. २ करोड ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**सामाजिक विकासः**

१७. जेष्ठ नागरिकहरूसँग भेटघाट गरी उनीहरूको ज्ञान, सीप र अनुभवको आदान प्रदान गर्नुका साथै उनीहरूको सम्मानका कार्यक्रमहरू संचालन गर्नको लागि जेष्ठ नागरिक उत्थान कार्यक्रममा रू. ५ लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१८. भीरकोट नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउन विपन्न र अति गरिब घर परिवारको पूर्व पहिचान गरी आवश्यकता र मागको आधारमा न्यूनतम शौचालय निर्माण सामाग्री

तथा आवश्यकता अनुसारका अन्य निर्माण सामग्री उपलब्ध गराउन रू. २० लाख विनियोजन गरेको छु ।

१९. महिला तथा बालबालिकाको क्षमता विकास र सशक्तीकरणका लागि संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त महिलाहरूको सीप र क्षमता विकासको लागि महिलासंग उपमेयर शीर्षकमा रू. १० लाख विनियोजन गरेको छु ।

२०. भीरकोट नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा सुधार एवम् शैक्षिक गुणस्तर वृद्धिका लागि संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त शैक्षिक गुणस्तर सुधार, स्थानीय पाठ्यपुस्तक छपाई तथा प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक समेतका शिक्षासँग सम्बन्धित कार्यक्रमका लागि रू. १ करोड ८१ लाख ५५ हजार विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

२१. भीरकोट नगरपालिका भित्रका सामुदायिक क्याम्पसमा अध्ययनरत गरीब तथा जेहन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्न रू. २ लाख २५ हजार विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

२२. भीरकोट नगरपालिकालाई मिति २०७७।११।२२ गते बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गरिएकोमा यसको निरन्तरता र दिगोपनाको लागि बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम शीर्षकमा रू. ५ लाख विनियोजन गरेको छु ।

२३. नगरपालिकामा रहेका विपन्न, दलित, अल्पसंख्यक, मुस्लिम तथा जातजातिहरूको परम्परागत सीप, व्यवसायको संरक्षण, सम्बर्द्धन एवम् उनीहरूको सीप र क्षमता विकासको लागि रू. १० लाख विनियोजन गरेको छु ।

२४. नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै संघीय सरकारबाट सशर्त अनुदान शीर्षकमा प्राप्त हुने रकमको अतिरिक्त विपन्न परिवारलाई निशुल्क स्वास्थ्य बिमा, प्रसुती पोषण भत्ता, अत्यावश्यक औषधी खरिद, महिला स्वास्थ्य स्वयंसेविककाहरूलाई प्रोत्साहन, गर्भवती महिलाहरूलाई अण्डा वितरण तथा भीरकोट नगर अस्पतालको संचालन तथा व्यवस्थापन गर्ने समेतका कार्यको लागि स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमको लागि रू. ८९ लाख ४८ हजार विनियोजन गरेको छु।

२५. नगरक्षेत्र भित्र वसोवास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरूको तथ्याङ्क अद्यावधिक गरी उनीहरूको सीप तथा क्षमता विकासका लागि अपाङ्ग प्रवर्द्धन कार्यक्रम शीर्षकमा रू. ५ लाख बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२६. बालबालिका तथा युवायुवतीहरूको शारीरिक र मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियोगिता सञ्चालन गर्न र आवश्यकता अनुसार खेलकुद मैदानको स्तरोन्नति एवम् खेलकुद सामग्री वितरण गर्ने कार्यका लागि युवा तथा खेलकुद कार्यक्रम शीर्षकमा रू. १० लाख विनियोजन गरिएको छ ।

**आर्थिक विकासः**

२७. मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश र भीरकोट नगरपालिकाको लागत साझेदारीमा "भीरकोट नगरपालिकामा बसोबास गर्ने आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका बर्ग तथा समूदायका जनतालाई व्यावसायिक कृषि तथा पशुपालनमा सक्षम बनाई उनीहरूको

जीवनस्तरमा सुधार ल्याउने" परियोजना संचालन गर्न नगरपालिकाको तर्फबाट रू. ६० लाख विनियोजन गरिएको छ ।

२८. कृषि र पर्यटन क्षेत्रको एकीकृत विकासका लागि संघीय सरकारबाट विशेष अनुदान शीर्षकमा प्राप्त रकम रू. १ करोड सहित संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) सँगको लागत साझेदारीमा संचालन हुने "हरित पुनर्उत्थान तथा कोभिड-१९ प्रतिकार्य पहल परियोजना" को लागि रू. २ करोड विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२९. नगरपालिका र सम्बन्धित कृषकको ५०/५० प्रतिशत लागत साझेदारीमा कृषि व्यवसायमा संलग्न व्यावसायिक कृषकहरूलाई कृषि औजार, प्लाष्टिक टनेल, मल, बिउ र बेर्ना उपलब्ध गराउने समेतका कार्य गर्न कृषि तथा पशु विकास कार्यक्रमको लागि रू. २५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

३०. धार्मिक तथा पर्यटकीय विकासका सम्भावना बोकेका स्थलहरूको विकास र प्रवर्द्धन गर्न रू. १० लाख विनियोजन गरेको छु ।

३१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा रहेका बेरोजगार युवा युवतीहरूलाई रोजगारी सृजना हुने खालका श्रममूलक आयोजनाहरू कार्यान्वयन गर्दा नगरपालिकाबाट बस्तुगत सहायता उपलब्ध गराउने कार्यका लागि मेयरसंग रोजगार शीर्षकमा रू. १५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

**वातावरण तथा विपद् व्यवस्थापनः**

३२. मानवीय तथा प्राकृतिक कारणले उत्पन्न विपद्को व्यवस्थापन एवम् उद्धार सामग्री खरिद गरी तत्काल राहत उपलब्ध गराउन दैविप्रकोप तथा विपद् व्यवस्थापन शीर्षकमा रू. २० लाख विनियोजन गरेको छु ।

३३. वृक्षारोपण, वातावरण संरक्षण लगायतका वातावरण अनुकुलनका कार्यक्रम संचालन गर्नका लागि रू. ५ लाख बजेट विनियोजन गरिएको छ ।

**सुशासन तथा संस्थागत विकासः**

३४. नगरपालिकाबाट सम्पादन हुने कामलाई पारदर्शी बनाई जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नागरिक प्रति उत्तरदायी बनाउनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण लगायतका कार्यक्रमहरू संचालन गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३५. नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरूको सीप तथा क्षमता विकासका लागि रू. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

३६. नगर तथा वडास्तरीय योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न र विभिन्न सीपमूलक तालिम संचालन गर्नको लागि सीप विकास जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च शीर्षकमा रू. १५ लाख विनियोजन गरेको छु ।

३७. नगरपालिका र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवालाई सहज र सूचना प्रविधिमैत्री बनाई अभिलेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई चुस्त बनाउन आवश्यकता अनुसारका सफ्टवेयर जडान गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

३८. आगामी आर्थिक वर्ष २०७९/८० का नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रू. ७५ करोड ४ लाख ३० हजार विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालु खर्चतर्फ रू. ४३ करोड १७ लाख ४८ हजार अर्थात ५७.५३ प्रतिशत रहेकोमा सशर्त अनुदानतर्फको चालु खर्च रू. २४ करोड ८९ लाख अर्थात ३३.१७ प्रतिशत र नगरपालिकातर्फको चालु खर्च रू. १८ करोड २८ लाख ४८ हजार अर्थात २४.३६ प्रतिशत रहेको छ । त्यसैगरी कुल विनियोजनमध्ये पूंजीगत खर्चतर्फ रू. १५ करोड ८६ लाख ८२ हजार अर्थात २१.१५ प्रतिशत र सामाजिक सुरक्षा खर्चतर्फ रू. १६ करोड अर्थात २१.३२ प्रतिशत रहेको छ ।

३९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये गत वर्षको नगद मौज्दातबाट रू. २ करोड ५० लाख, आन्तरिक राजस्वबाट रू. ४ करोड, संघीय सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट रू. १० करोड ४५ हजार, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रू. ५८ करोड ०३ लाख ८५ हजार र अन्य स्रोतबाट रू. ५० लाख व्यहोरिनेछ ।

**सभाध्यक्ष महोदय,**

४०. अन्त्यमा, भीरकोट नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, नागरिक समाजका प्रतिनिधि, पत्रकार मित्रहरू र भीरकोटबासी सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरूबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको कार्यान्वयनमा समेत सोही अनुसारको रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद ।

**भगवती रेग्मी अर्याल**
**नगर उपप्रमुख**
**भीरकोट नगरपालिका**
**बयरघारी, स्याङ्गजा ।**

# अनुसूचीहरू

अनुसूची १

आय र व्ययको संक्षिप्त विवरण

आर्थिक वर्ष २०७९।८०

(रू. हजारमा)

| शीर्षक | | गत आ.व. २०७७।७८ को यथार्थ | चालु आ.व. २०७८।७९ को संशोधित अनुमान | आगामी आ.व. २०७९।८० को अनुमान |
|---|---|---|---|---|
| **आय** | | | | |
| **क.** | **राजस्व** | **८६१०६.००** | **१०८२००.००** | **१४००४५.००** |
| **१** | **आन्तरिक राजस्व** | **२०७००.००** | **३४२००.००** | **४००००.००** |
| १.१ | सम्पत्ति कर | १२००.०० | १७००.०० | १८००.०० |
| १.२ | भूमीकर (मालपोत) | ४५०.०० | १८००.०० | १८००.०० |
| १.३ | नदीजन्य सामग्री बिक्री | १२८००.०० | २१०००.०० | २६५००.०० |
| १.४ | व्यवसाय कर | ५००.०० | ११००.०० | १२००.०० |
| १.५ | सिफारिस दस्तुर | १५००.०० | २५००.०० | २५००.०० |
| १.६ | घर बहाल कर | ४५०.०० | ६००.०० | ७००.०० |
| १.७ | घर जग्गा रजिष्ट्रेसन शुल्क | १३००.०० | १५००.०० | १५००.०० |
| १.८ | अन्य राजस्व | २५००.०० | ४०००.०० | ४०००.०० |
| **२** | **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **६५४०६.००** | **७४०००.००** | **१०००४५.००** |
| २.१ | संघीय सरकारबाट प्राप्त | ६१९७८.०० | ६५०००.०० | ८६५९१.०० |
| २.२ | गण्डकी प्रदेश सरकारबाट प्राप्त | ३४२८.०० | ९०००.०० | १३४५४.०० |
| **ख.** | **अन्तर-सरकारी वित्तीय हस्तान्तरण** | **३९३९१६.००** | **४१७६८८.००** | **४२०३८५.००** |
| १ | संघीय समानीकरण अनुदान | १०२२००.०० | १०८०००.०० | ११५९००.०० |
| २ | संघीय सशर्त अनुदान | २३६८६६.०० | २६१३४०.०० | २६३४००.०० |
| ३ | संघीय समपूरक अनुदान | ८३००.०० | १३४९३.०० | ८०००.०० |
| ४ | संघीय विशेष अनुदान | २४५००.०० | १२५००.०० | १००००.०० |
| ५ | गण्डकी प्रदेश समानीकरण अनुदान | १२०५०.०० | १२३५५.०० | १३०८५.०० |
| ६ | गण्डकी प्रदेश सशर्त अनुदान | ०.०० | २०००.०० | ०.०० |
| ७ | गण्डकी प्रदेश समपूरक अनुदान | १००००.०० | ८०००.०० | १००००.०० |
| **ग.** | **अन्य** | **१०८७००.००** | **१६५५००.००** | **१९००००.००** |
| १ | सामाजिक सुरक्षा भत्ता | १०२२००.०० | १५००००.०० | १६००००.०० |
| २ | सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम | ६५००.०० | ४५००.०० | ५०००.०० |
| ३ | गत वर्षको नगद मौज्दात | ०.०० | ११०००.०० | २५०००.०० |
| **आय तर्फको जम्मा** | | **५८८७२२.००** | **६९१३८८.००** | **७५०४३०.००** |
| **व्यय** | | | | |
| क. | चालु खर्च | ४३९२८७.०० | ५४९९०८.०० | ५९१७४८.०० |
| ख. | पूंजिगत खर्च | १४९४३५.०० | १४१४८०.०० | १५८६८२.०० |
| **व्यय तर्फको जम्मा** | | **५८८७२२.००** | **६९१३८८.००** | **७५०४३०.००** |

अनुसूची २

राजस्व, अनुदान तथा अन्य प्राप्तिको अनुमान

आर्थिक वर्ष २०७९।८०

(रू. हजारमा)

| शीर्षक | | गत आ.व. २०७७।७८ को यथार्थ | चालु आ.व. २०७८।७९ को संशोधित अनुमान | आगामी आ.व. २०७९।८० को अनुमान |
|---|---|---|---|---|
| **क.** | **राजस्व** | **१९४८०६.००** | **२७३७००.००** | **३३००४५.००** |
| **१** | **आन्तरिक राजस्व** | **२०७००.००** | **३४२००.००** | **४००००.००** |
| १.१ | सम्पत्ति कर | १२००.०० | १७००.०० | १८००.०० |
| १.२ | भूमीकर (मालपोत) | ४५०.०० | १८००.०० | १८००.०० |
| १.३ | नदीजन्य सामग्री बिक्री | १२८००.०० | २१०००.०० | २६५००.०० |
| १.४ | व्यवसाय कर | ५००.०० | ११००.०० | १२००.०० |
| १.५ | सिफारिस दस्तुर | १५००.०० | २५००.०० | २५००.०० |
| १.६ | घर बहाल कर | ४५०.०० | ६००.०० | ७००.०० |
| १.७ | घर जग्गा रजिष्ट्रेसन शुल्क | १३००.०० | १५००.०० | १५००.०० |
| १.८ | अन्य राजस्व | २५००.०० | ४०००.०० | ४०००.०० |
| **२** | **राजस्व बाँडफाँड** | **६५४०६.००** | **७४०००.००** | **१०००४५.००** |
| २.१ | संघीय सरकारबाट प्राप्त | ६१९७८.०० | ६५०००.०० | ८६५९१.०० |
| २.२ | गण्डकी प्रदेश सरकारबाट प्राप्त | ३४२८.०० | ९०००.०० | १३४५४.०० |
| **३** | **अन्य आय** | **६५४०६.००** | **१६५५००.००** | **१९००००.००** |
| ३.१ | बेरूजु असुली | ०.०० | ०.०० | ०.०० |
| ३.२ | सामाजिक सुरक्षा भत्ता | १०२२००.०० | १५००००.०० | १६००००.०० |
| ३.३ | सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम | ६५००.०० | ४५००.०० | ५०००.०० |
| ३.४ | गत वर्षको नगद मौज्दात | ०.०० | ११०००.०० | २५०००.०० |
| **ख.** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **३९३९१६.००** | **४१७६८८.००** | **४२०३८५.००** |
| **१** | **संघीय सरकारबाट प्राप्त अनुदान** | **३७१८६६.००** | **३९५३३०.००** | **३९७३००.००** |
| १.१ | वित्तीय समानीकरण अनुदान | १०२२००.०० | १०८०००.०० | ११५९००.०० |
| १.२ | सशर्त अनुदान | २३६८६६.०० | २६१३४०.०० | २६३४००.०० |
| १.३ | समपूरक अनुदान | ८३००.०० | १३४९३.०० | ८०००.०० |
| १.४ | विशेष अनुदान | २४५००.०० | १२५००.०० | १००००.०० |
| **२** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **२२०५०.००** | **२२३५५.००** | **२३०८५.००** |
| २.१ | वित्तीय समानीकरण अनुदान | १२०५०.०० | १२३५५.०० | १३०८५.०० |
| २.२ | सशर्त अनुदान | ०.०० | २०००.०० | ०.०० |
| २.३ | समपूरक अनुदान | १००००.०० | ८०००.०० | १००००.०० |
| २.४ | विशेष अनुदान | ०.०० | ०.०० | ०.०० |
| **३** | **अन्य स्थानीय तहबाट प्राप्त अनुदान** | ०.०० | ०.०० | ०.०० |
| ३.१ | सशर्त अनुदान | ०.०० | ०.०० | ०.०० |
| ३.२ | समपूरक अनुदान | ०.०० | ०.०० | ०.०० |
| ३.३ | विशेष अनुदान | ०.०० | ०.०० | ०.०० |
| **ग.** | **जनसहभागिता** | ०.०० | ०.०० | ०.०० |
| १ | नगद सहभागिता | ०.०० | ०.०० | ०.०० |
| २ | श्रम तथा बस्तुगत सहायता | ०.०० | ०.०० | ०.०० |
| **कुल जम्मा** | | **५८८७२२.००** | **६९१३८८.००** | **७५०४३०.००** |

**अनुसूची ३**

**व्यय अनुमान**

**आर्थिक वर्ष २०७९।८०**

(रू. हजारमा)

| खर्च संकेत | खर्च शीर्षक | गत आ.व. को यथार्थ | चालु आ.व. को संसोधित अनुमान | आ.व. २०७९।८० को अनुमान | स्रोत | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अन्तरसरकारी वित्तीय हस्तान्तरण | | | | | | | | | | आन्तरिक स्रोत | |
| | | | | | नेपाल सरकार | | | | | गण्डकी प्रदेश सरकार | | | | | गत वर्षको नगद मौज्दात | आन्तरिक राजस्व |
| | | | | | समानीकरण अनुदान | राजस्व बाँडफाँड | समपुरक अनुदान | विशेष अनुदान | सशर्त अनुदान | समानीकरण अनुदान | राजस्व बाँडफाँड | समपुरक अनुदान | विशेष अनुदान | सशर्त अनुदान | | |
| **नगरपालिका तर्फको चालु खर्च** | | | | | | | | | | | | | | | | |
| 21111 | पारिश्रमिक कर्मचारी | 14200 | 16000 | 20000 | 0 | 20000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21112 | पारिश्रमिक पदाधिकारी | 11000 | 15000 | 12500 | 0 | 5000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 7500 |
| 21121 | कर्मचारी पोशाक | 700 | 800 | 500 | 0 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21132 | महंगी भत्ता | 600 | 700 | 700 | 0 | 700 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21133 | फिल्ड भत्ता | 0 | 40 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21134 | कर्मचारी बैठक भत्ता | 1500 | 1500 | 1000 | 0 | 1000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21139 | अन्य भत्ता | 1900 | 2000 | 1500 | 0 | 1500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21141 | पदाधिकारी बैठक भत्ता | 200 | 900 | 3500 | 0 | 1500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2000 |
| 21213 | कर्मचारीको योगदानमा आधारित बिमा कोष खर्च | 200 | 200 | 200 | 0 | 200 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21214 | कर्मचारी कल्याण कोष | 500 | 500 | 500 | 0 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22111 | पानी बिजुली | 600 | 1156 | 1500 | 0 | 1500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22112 | सञ्चार महशुल | 1200 | 2000 | 2000 | 0 | 2000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22211 | इन्धन (पदाधिकारी) | 2000 | 4000 | 2000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2000 |
| 22212 | इन्धन (कार्यालय प्रयोजन) | 6700 | 10000 | 12000 | 0 | 8000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 4000 |
| 22213 | सवारी साधन मर्मत खर्च | 4800 | 6000 | 6200 | 0 | 3000 | 0 | 0 | 0 | 0 | 2000 | 0 | 0 | 0 | 0 | 1200 |
| 22214 | बिमा तथा नवीकरण खर्च | 500 | 500 | 700 | 0 | 700 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22221 | मेशीनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | 600 | 600 | 600 | 0 | 0 | 0 | 0 | 0 | 0 | 600 | 0 | 0 | 0 | 0 | 0 |
| 22231 | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | 50 | 500 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 500 | 0 | 0 | 0 | 0 | 0 |
| 22311 | मसलन्द तथा कार्यालय सामग्री | 4500 | 7000 | 7120 | 0 | 5500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1620 |
| 22314 | इन्धन अन्य प्रयोजन | 100 | 200 | 200 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 200 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 22315 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 2300 | 2500 | 2500 | 1000 | 0 | 0 | 0 | 0 | 0 | 1500 | 0 | 0 | 0 | 0 | 0 |
| 22411 | सेवा र परामर्श खर्च | 3700 | 6000 | 3000 | 3000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22412 | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 500 | 666 | 600 | 0 | 600 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22413 | करार सेवा शुल्क | 14100 | 24000 | 25000 | 0 | 10000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 15000 |
| 22414 | सरसफाइ सेवा शुल्क | 500 | 200 | 500 | 0 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22419 | अन्य सेवा शुल्क | 100 | 200 | 200 | 0 | 0 | 0 | 0 | 0 | 0 | 200 | 0 | 0 | 0 | 0 | 0 |
| 22511 | कर्मचारी तालीम खर्च | 500 | 700 | 1000 | 1000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22512 | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | 0 | 950 | 1500 | 1500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22522 | कार्यक्रम खर्च | 27535 | 35950 | 64803 | 9804 | 17466 | 0 | 0 | 0 | 13085 | 8654 | 0 | 0 | 0 | 10414 | 5380 |
| 22529 | विविध कार्यक्रम | 3500 | 1900 | 1000 | 1000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22611 | अनुगमन मूल्यांकन खर्च | 2000 | 3000 | 3000 | 1000 | 2000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22612 | भ्रमण खर्च | 300 | 300 | 300 | 0 | 300 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22711 | विविध खर्च | 2300 | 1800 | 2000 | 0 | 2000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 22721 | सभा सञ्चालन खर्च | 500 | 500 | 700 | 0 | 700 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 25314 | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | 1780 | 2280 | 1500 | 1000 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 27211 | छात्रवृत्ति | 225 | 225 | 225 | 0 | 225 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 28141 | जग्गाको भाडा | 400 | 500 | 600 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 600 |
| 28142 | घरभाडा | 1100 | 500 | 700 | 0 | 700 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 28143 | सवारी तथा मेशीनरी औजार भाडा | 1200 | 700 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 500 |
| **नगरपालिका तर्फको चालु खर्चको जम्मा** | | **114390** | **152467** | **182848** | **19304** | **86591** | **0** | **0** | **0** | **13085** | **13454** | **0** | **0** | **0** | **10414** | **40000** |
| **नगरपालिका तर्फको पूंजीगत खर्च** | | | | | | | | | | | | | | | | |
| 31112 | गैर आवासीय भवन निर्माण/खरिद | 7100 | 1700 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31121 | सवारी साधन | 4600 | 1000 | 500 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31122 | मेशीनरी तथा औजार | 6000 | 2000 | 1000 | 1000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31123 | फर्निचर तथा फिक्चर्स | 6500 | 3200 | 1015 | 1000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 15 | 0 |
| 31134 | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | 0 | 500 | 500 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31135 | पूंजीगत परामर्श खर्च | 0 | 0 | 500 | 500 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 31151 | सडक तथा पुल निर्माण | 0 | 0 | 33300 | 18729 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 14571 | 0 |
| 31154 | तटबन्ध तथा बाँध निर्माण | 0 | 0 | 10000 | 10000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31159 | अन्य सार्वजनिक निर्माण | 75000 | 86180 | 63367 | 63367 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 31411 | जग्गा प्राप्ति खर्च | 0 | 1000 | 1000 | 1000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **नगरपालिका तर्फको पूंजीगत खर्चको जम्मा** | | **99200** | **95580** | **111182** | **96596** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **0** | **14586** | **0** |
| **नेपाल सरकारबाट प्राप्त सशर्त, विशेष र समपुरक अनुदान तर्फको खर्च** | | | | | | | | | | | | | | | | |
| **संघीय सशर्त अनुदानतर्फ** | | 236866 | 261340 | 263400 | 0 | 0 | 0 | 0 | 263400 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **संघीय समपूरक अनुदानतर्फ** | | 8300 | 13493 | 8000 | 0 | 0 | 8000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **संघीय विशेष अनुदानतर्फ** | | 24500 | 12500 | 10000 | 0 | 0 | 0 | 10000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **प्रदेश सशर्त अनुदानतर्फ** | | 0 | 2000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **प्रदेश समपुरक अनुदानतर्फ** | | 10000 | 8000 | 10000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 10000 | 0 | 0 | 0 | 0 |
| **प्रदेश विशेष अनुदानतर्फ** | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **सामाजिक सुरक्षा भत्ता** | | 102200 | 150000 | 160000 | 0 | 0 | 0 | 0 | 160000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **सडक बोर्डबाट प्राप्त अनुदान** | | 6500 | 4500 | 5000 | 0 | 0 | 0 | 0 | 5000 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| **जम्मा** | | **388366** | **451833** | **456400** | **0** | **0** | **8000** | **10000** | **428400** | **0** | **0** | **10000** | **0** | **0** | **0** | **0** |
| **कुल जम्मा** | | **601956** | **699880** | **750430** | **115900** | **86591** | **8000** | **10000** | **428400** | **13085** | **13454** | **10000** | **0** | **0** | **25000** | **40000** |